


# २ नेतृत्वको सङ्कट

*<u>यस अध्यायका मूल पदहरू</u>*: **यशैया ६:१-४, यशैया ६:५-७, यशैया ६:८ र यशैया ६:९-१३।**

*<u>यस अध्यायको मूल सार पदः</u>* **"उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो" (यशैया ६:१)।**

करिब ५०० वर्ष अघि येशू जन्मिनुभएको जन्मेका चीनको दार्सनिक कन्फ्युसियस धार्मिक अगुवा थिएन न त उनले परमेश्वरलाई नै विश्वास गर्दथे। तैपनि उनलाई धर्मगुरुको नाउँमा लिइन्छ। उनको निम्ति नैतिकतानै सर्वोपरी थियो। एक दिन उनका चेलाहरूले सुशासन वा असल सरकार चलाउन के गुण वा तत्वहरूको आवश्यकता पर्छ भनेर सोधेका थिए। त्यसको जवाफमा कन्फ्युसियसले यो जवाफ दिए "पर्याप्तमात्रामा खाना, पर्याप्तमात्रामा हातहतियार र साधारण मानिसहरूबाट विश्वास जित्न सक्नु।' 'तर ती तिनै थोकमा खास कुनै छैन तर एउटामात्र छ भने त तपाईँको बिचारमा कुनचाहीँलाई मूख्य मानेर अघि बढ्नुपर्छ?' "'हतियार,'" कन्फ्युसियसले जवाफ दिए। उनका चेलाहरूले फेरि जिकिर गरे "हतियार र खानामा केवल एउटामात्र तपाईँले चुन्न सक्नुपर्छ तपाईँले के चुन्ने? "खाना। किनभने प्राचिन कालदेखि भोक नै सबै मानिसहरूको अस्तित्वको कारण भइरहेको छ, तर जब मानिसहरूले आफ्ना अगुवा, नेता वा राजनेताहरूप्रति विश्वास गर्न सकिएन भने त्यो सबै थोक गुमेको ठहरिन्छ।'" (माइकल पी. ग्रीनबाट सम्बादित १५०० इलस्ट्रेशनस फर बिब्लिकल प्रिचिङ्ग, ग्राण्ड रापिड, मिशिगनः बेकर, १९८९), पृ. २१५ रूपान्तरित।

बलियो, साहसिलो, विश्वासको निम्ति योग्य भएका नेता तथा अगुवाहरू भएको मानिसहरू चाहन्छन्। यसमा कुनै दुईमत छैन। एक दिन

एक जना सिपाहीँले आफ्नो दोस्रो पल्ट कामको निम्ति हस्ताक्षर गर्दै थियो, सैनिक भर्ना गर्ने अधिकारीले उसलाई सोध्यो, "होइन, भाइ, तिमी किन फेरि दोस्रो पल्ट सिपाहीँमा जागिर खान खोज्छौ?" "मैले सर्बसाधारण नागरिक जीवन बिताउन कोसिस गरेँ, तर त्यहाँ त कुनै पनि अर्को मानिसको जिम्मा लिने मानिस भेट्टाइनँ। त्यहाँ कुनै पनि अगुवा भएर अरूको जीवन सम्हाल्ने मानिस थिएन" त्यस भूतपूर्व सैनिकले जवाफ दियो।

यहुदामा भएको नेतृत्वको सङ्कटको बारेमा यस अध्यायमा हेर्नेछौं। त्यस समस्याले कस्तो दुःखदायी नतिजाहरू ल्याए त्यो पनि हामी नियाल्नेछौं।

## १. महाराजाको मृत्यु भयो। राजा चिरायु रहुन्!

**यशैया ६:१मा उज्जियाहको मृत्युबारे चर्चा गरिएको थियो। अब २ इतिहास २६ अध्याय पढ्नुहोस् र यो प्रश्नको जवाफ दिनुहोस्: "उज्जियाहको मृत्यु किन महत्त्वपूर्ण मानिएको छ? हेर्नुहोस् "१ तब यहूदाका सबै मानिसहरूले सोह्र वर्ष पुगेका उज्जियाहलाई लिएर तिनका पिता अमस्याहको सट्टामा राजा तुल्याए। २ अमस्याह आफ्ना पित्रहरूसित सुतिसकेपछि यिनले नै एलात सहरलाई पुनर्निर्माण गरेर यहूदालाई फिर्ता गरिदिए। ३ उज्जियाह राजगद्दी आरोहण गर्दा सोह्र वर्षका थिए। तिनले यरूशलेममा बाउन्न वर्ष राज्य गरे। तिनकी आमाको नाउँ यकोल्याह थियो। तिनी यरूशलेमकी थिइन्। ४ तिनले आफ्ना पिता अमस्याहले गरेझैं परमप्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही गरे। ५ तिनलाई परमेश्वरको भयमा शिक्षा दिने जकरियाको समयमा तिनले परमेश्वरको अगुवाइ खोज्नमा तनमन लगाए। परमप्रभुलाई खोज्दैरहुञ्जेलसम्म परमेश्वरले तिनको फलिफाप गराइदिनुभयो। ६ तिनी पलिश्तीहरूसँग युद्ध गर्न रणभूमिमा गए, र गात, यब्ने र अश्दोदका पर्खालहरू तिनले भत्काइदिए। तिनले अश्दोदको नजिक र पलिश्तीहरूका बीचमा सहरहरू बनाए। ७ परमेश्वरले तिनलाई पलिश्तीहरू, गूर-बालमा बस्ने अरबीहरू र मोनीहरूका विरुद्धमा सहायता गर्नुभयो। ८ अम्मोनीहरूले उज्जियाहकहाँ सौगातहरू ल्याए, अनि तिनको ख्याति मिश्रदेशको सिमानासम्मै पुग्यो, किनभने तिनी धेरै शक्तिशाली भएका थिए।**

**९ तिनले यरूशलेममा कुने-ढोका, बेंसी ढोका र पर्खालका कुनाको घुम्तीमा पनि धरहरा बनाएर तिनलाई सुरक्षित पारे। १० तिनले उजाड़-स्थानमा अरू धरहराहरू बनाए, र तिनले पहाड़ र बेंसी दुवैमा तिनका गाईबस्तुका धेरै बथान भएको कारण धेरै कूवाहरू खने। पहाड़ र मदेसमा**

तिनका खेती गर्ने किसानहरू र दाखबारी हेर्नेहरू पनि थिए, किनभने तिनी खेतीपातीमा ध्यान दिन्थे। ११ यसबाहेक उज्जियाहको तालीम पाएका र युद्धको निम्ति सधैं तयार रहने सिपाहीहरूको एउटा सेना पनि थियो। सेनाका मुख्य सचिव यहीएल र अधिकृत मासेयाहले जनगणनाअनुसार दल-दल गरी राजाका एक जना अधिकारी हनन्याहको अधीनमा यिनीहरूलाई राखेका थिए। १२ वीर-वीर योद्धाहरू पठाउने परिवारपरिवारका प्रधानहरूको जम्मा संख्या २,६०० थियो। १३ तिनीहरूको अधीनमा राजालाई शत्रुहरूका विरुद्धमा सहायता गर्न ३,०७,५०० योद्धाहरू भएको एक लड़ाकू सेना पनि थियो। १४ जम्मै सेनाको निम्ति उज्जियाहले ढाल, भाला, टोप, कवच, धनु र घुयेंत्राहरू तयार गरे। १५ धरहरा र बुर्जाहरूमा प्रयोग गर्न कारीगरहरूले बनाएका काँड़हरू र ठूला-ठूला ढुङ्गा हान्ने यन्त्रहरू यरूशलेममा तिनले तयार पारे। तिनलाई यस्तो आश्‍चर्यको सामान मिलेको कारण तिनको ख्याति चारैतिर फैलिएको थियो। यसले गर्दा तिनी ज्यादै शक्तिशाली भए। १६ तर तिनी शक्तिशाली भएपछि तिनको अहङ्कारले गर्दा तिनको पतन भयो। तिनी धूप-वेदीमा धूप बाल्नलाई परमप्रभुको मन्दिरमा पसेर परमप्रभु आफ्ना परमेश्‍वरको विरुद्धमा तिनले विश्‍वासघात गरे। १७ तर पूजाहारी अजर्याह र परमप्रभुका अरू असी जना साहसी पूजाहारीहरू राजा उज्जियाहको पछिपछि गई तिनको सामना गरेर तिनलाई भने, १८ "हे उज्जियाह, परमप्रभुको निम्ति धूप बाल्ने काम तपाईंको होइन। यस कामको निम्ति त अर्पण गरिएका हारूनको वंशका पूजाहारीहरू छन्। पवित्रस्थानबाट हटिजानुहोस्, किनभने तपाईंले विश्‍वासघात गर्नुभएको छ। परमप्रभु परमेश्‍वरबाट तपाईंले केही कदर पाउनुहुनेछैन।" १९ हातमा धुपौरो लिएर धूप बाल्न तयार भएका राजा क्रोधित भए। पूजाहारीहरूसँग रिसाउँदारिसाउँदै तिनीहरूकै सामुन्ने परमप्रभुको मन्दिरभित्र धूप-वेदीको छेउमा तिनको निधारमा कुष्ठरोग निस्क्यो। २० प्रधान पूजाहारी अजर्याह र अरू पूजाहारीहरूले तिनलाई हेर्दाहेर्दै निधारमा कुष्ठरोग निस्केको तिनीहरूले देखे, र तिनलाई हतार-हतार मन्दिरको बाहिर निकाले। अनि तिनी आफै पनि बाहिर निस्कनलाई हतार गरे, किनभने परमप्रभुले यस रोगले तिनलाई प्रहार गर्नुभएको थियो। २१ राजा उज्जियाह आफ्नो मर्ने दिनसम्मै कोरी भए। तिनी अलग्गै घरमा कोरी भएर बस्न लागे। परमप्रभुको मन्दिरभित्र तिनी पस्न पाएनन्। राज्यका सबै कामकाजहरूबाट तिनलाई कार्य-मुक्त गरियो। अनि तिनका छोरा योतामले महलको देखरेख गरे, र

**राजप्रतिनिधि भएर राज्य चलाउन लागे। २२ उज्जियाहका राजकालका अरू घटनाहरूको विवरण सुरुदेखि अन्त्यसम्मै आमोजका छोरा यशैया अगमवक्ताले लेखेका छन्। २३ उज्जियाह आफ्ना पित्रहरूसित सुते, र तिनीहरूका नजिकमा राजाहरूको एउटा खेतमा गाड़िए, किनभने मानिसहरू भन्थे, "तिनी एक कोरी हुन्।" अनि तिनीपछि तिनका छोरा योताम राजा भए।"**

राजा उज्जियाहको मृत्युको बारेमा विभिन्न दृष्टिकोणहरू प्रस्तुत गर्न सकिन्छ।

१. उज्जियाहको राज्य शासन लामो थियो। बाउन्न वर्षसम्म राजगर्नु भनेको चानचुन होइन। उनको राज्यकाल लामोमात्र होइन अत्यन्तै सम्पन्न तथा समृद्धशाली थियो। जतातते उनको यश गाएको थियो। परमेश्वरप्रतिको उनको भक्तिभाव पनि उल्लेखनीय थियो। तर जब उनी अत्यन्तै फलिफाप र सफल राजा भए तब उनले त्यसको श्रेय परमेश्वरलाई नदिइकन आफूलाई दिन थाले। उनी यस्तो शक्तिशाली भएकी उनी घमण्डले फुल्न थाले। उनको अहङ्कारले उनलाई पतनतिर लम्क्याइयो (२ इतिहास २६:२६)। उनलाई नदिएको अधिकार प्रयोग गरेर आफै सर्वेसर्वा हुँ भनेर दावी गर्दै परमेश्वरको मन्दिरभित्र गएर धुप बाल्न प्रयास गरे जुन् केवल पुजाहारीहरूलाईमात्र गर्न परमेश्वरको आदेश थियो। जब उचितरूपमा पुजाहारीले उनी हारुनको बंशबाट नआएकोले त्यो काम गर्न उनलाई याद दिलाउँदै (२ इतिहास २६:१८) त्यो काम रोक्न खोजे तब राजा क्रुद्ध भए। जब उनको कामप्रति पुजाहारीहरूले आपत्ती जनाउँदा नम्र भएर राजा हटेको भए उनको भलो हुन्थ्यो। तर राजा भएको भनेर आफू जे पनि गर्न सक्छ भनेर पुजाहारीहरूको कुरा सुन्न अस्वीकार गरि बरू तिनीहरूमाथि नै रिस देखाउँदा परमेश्वरले तत्कालै उनलाई कुष्ठ रोगले प्रहार गर्नुभयो। त्यो रोग उनको मृत्युसम्मै रहिरह्यो। उनी कोढी भएकोले अर्कै अलग घरमा बस्नुपर्‍यो (वा क्वारेन्टिन अर्थात् आइसोलेशनमा) बस्नुपर्‍यो। उनलाई परमेश्वरको घर वा मन्दिरबाट पनि अलग गरिएको थियो अर्थात परमेश्वरको पवित्र स्थानमा गएर उहाँको उपासना गर्न पनि रोक लगाइएको थियो (२ इतिहास २६:२१। यस्तो खालको कदम परमेश्वरले सधैं चाल्नुहुन्छ भन्ने छैन। तर जुन कदम यस समयमा चाल्नुभयो त्यो कदमलाई परमेश्वरको आपतकालिन कदम भन्न सकिन्छ र हाम्रो निम्ति यो पाठ पनि हो। हामीलाई नदिइएको अधिकार वा जिम्मेवारी हामी सक्षम् छौं भनेर अघिसर्नु खतरा छ भनेर यस विवरणले देखाउँछ। त्यसैकारण पावलले

"अघि लेखेका कुराहरू हाम्रो पाठको निम्ति हो" भनेर रोमी १५:५मा उल्लेख गरेका थिए। त्यसको अर्थ हामीले त्यो भूललाई नदोहोऱ्याउँ-अनुवादकको थप)।

उज्जियाहको अहङ्कारको बिपरित शुद्ध, पवित्र, चोखो, अमर र दिव्य परमेश्वर उहाँको घर वा मन्दिरमा यशैयाले देखेका दर्शन अति उल्लेखनीय मान्नुपर्छ किनकि उनले त्यो दर्शन अशुद्ध र अहङ्कारी राजा मरेकै वर्षमा देखेका थिए!

२. उज्जियाह र यशैयाको चरित्रमा अत्यन्तै उल्लेखनीय भिन्नता पनि हामी देख्न सक्छौं। उज्जियाह हठी भएर पवित्र हुन खोजे, त्यो पनि गलत वा घमण्डी भएको कारणले। त्यसको फलस्वरुप उनी व्यवस्थाको धार्मिक र स्वास्थ विधि अनुसार उनी अशुद्ध भए र सबै खालको पवित्र क्रियाकलापदेखि उनलाई अलग गरिएको थियो। तर त्यसको बिपरित परमेश्वरले यशैयालाई उहाँको पवित्रतामा पुऱ्याउनुभएको थियो। परमेश्वरको पवित्र उपस्थितिमा नम्र भएर आफ्नो कमजोरीलाई यशैयाले स्वीकारे नैतिकरूपमा चोखो हुन उनले पुकारे जुन उनले पाएका थिए (यशैया ६:५-७)। उनी येशूले भन्नुभएको अर्तीकथाको कर असुल्ने मानिस जस्तो निर्दोषी हुन पुगेका थिए। येशूले भन्नुभयो "जो मानिसहरू आफूहरूलाई उचाल्न खोज्दछ उनीहरूलाई थचार्नेछन्, जो नम्र हुन्छन् तिनीहरूलाई उचालिनेछ" (लूका १८:१४ रूपान्तरित)।

३. कुष्ठ रोगले सताइएको उज्जियाहको शरीर र उनका जनहरूको बीचमा देखिएको नैतिक अबस्था एकै खाल भएको उल्लेखनीयरूपमा प्रस्तुत गरिएको छः "पैतालादेखि टुपीसम्मै चोट नभएको कहीं छैन। स्वास्थ्य अत्यन्तै बिग्रिएको छ। चोटैचोट, डामहरू र खुल्ला रक्ताम्य घाउहरू मात्र छन्। ती न त सफा गरिएका न बाँधिएका, न तेलले नरम बनाइएका छन्।" (यशैया १:६ रूपान्तरित)।

४. उज्जियाहको मृत्यु ई.पू. ७४०तिर भएको थियो। त्यो मृत्युले परमेश्वरका जनहरूमाथि गरिने नेतृत्वमा मूख्य सङ्कट आएको औंल्याइएको छ। जब कुनै प्रभावकारी र शक्तिशाली शासकको मृत्यु हुन्छ तब उनको मृत्युपछि उनको देशको परिस्थिति डाँवाडोल हुनसक्छ। राज्यशक्तिको निम्ति तँछाडमछाड हुनसक्छ र अरू देशबाट खतरा जाइलाग्न सक्छ। विशेष गरेर यहूदा अत्यन्तै खतरामा थियो। केही वर्ष अघि वा ई.पू. ७४५मा असेरियाको टिग्लाथ-पिलिसर तेस्रो राजगद्दी सम्हालेका थिए। उनी आफ्नो देशलाई तुरन्तै युद्धमा

जान अग्रसर गराए। त्यो राज्य कसैले दवाउन नसकिने साम्राज्य वा सुपरपावर भयो। त्यसले गर्दा मध्य पूर्वमा रहेका सानातिना स्वतन्त्र राज्यहरूको अस्तित्व नै खतरामा परेको थियो। यस्तो सङ्कटको बेलामा परमेश्‍वरले अगमवक्ता यशैयाद्वारा यो आश्‍वास्त पारेर देखाउनुभएको थियो कि विश्‍वमा जुनसुकै राज्य शक्तिशाली भएतापनि सबै थोक उहाँको नियन्त्रणमा छ।

**२ इतिहास २६:१६ ध्यानपूर्वक पढ्नुहोस् जसमा लेखिएको छ "तर तिनी शक्तिशाली भएपछि तिनको अहङ्कारले गर्दा तिनको पतन भयो। तिनी धूप-वेदीमा धूप बाल्नलाई परमप्रभुको मन्दिरमा पसेर परमप्रभु आफ्ना परमेश्‍वरको विरुद्धमा तिनले विश्‍वासघात गरे।" हामी पनि हामीहरूको मान, इज्जत, प्रतिष्ठा, डिग्री वा विद्याले गर्दा त्यही खालको अभिमानमा कसरी पर्न सक्छौं? क्रुसको छाँयामा रहेर त्यसको बारेमा चिन्तनमनन गरिरहने मनिस्थितिले त्यस्तो अभिमानको खतराबाट हामी कसरी सुरक्षित हुनसक्छौं?**

## २. "पवित्र, पवित्र, पवित्र" (यशैया ६:१-४)

**"१ उज्जियाह राजा मरेको वर्षमा मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो। २ उहाँको मास्तिर सराफहरू (स्वर्गदूतहरू) खड़ा थिए– प्रत्येकका छ-छ वटा पखेटा थिए। दुई वटा पखेटाले तिनीहरूले आफ्नो मुख ढाकेका थिए, दुई वटाले आफ्ना खुट्टा ढाकेका थिए, र दुई वटाले तिनीहरू उड्दैथिए। ३ अनि एउटाले अर्कालाई यसो भन्दै तिनीहरू पुकार्दैथिए: “सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ।”**

**४ तिनीहरूका सोरले ढोकाहरू र जगहरू हल्लिए, र मन्दिर धूवाँले भरियो। ५ मैले भनें, “धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु, र मैले मेरा आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको छु।”**

**६ तब चिम्टाले वेदीबाट आगोको भुङ्ग्रो हातमा लिएर सराफहरूमध्ये एक जना मकहाँ उड़ेर आए" (यशैया ६:१-६)।**

यशैया ६ को प्रथम चार पदहरूमा के भएको लेखिएको छ सो सोच्नुहोस्। ठूलो राजनैतिक अस्थिरताको समयमा राजा उज्जियाह मरेका थिए। असेरियनहरू युद्ध गर्दै अघि बढ्दै थिए। अगमवक्ता यशैयाको निम्ति यो समय डरलाग्दो थियो किनभने सबै थोक कसको नियन्त्रणमा छ भनेर उनलाई अनिश्‍चित भएको थियो।

जब यशैया आफ्नो र आफ्नो देशको बारेमा चिन्तित भएका थिए तब उनलाई के भयो त? उनलाई परमेश्वरको दर्शन देखाइयो। परमेश्वर आफ्नो सिंहासनमा बिराजमान हुनुभएको र आँखै खाने उहाँको तेजस्वी महिमामा यशैयाले टक्क लगाएर हेर्नपुगे। त्यसबेला उनले सेराफिम स्वर्गदूतहरूको झुन्ड जसलाई बलिरहेको ज्वाला भनेर सम्बोधन गरिन्छ देखे। तिनीहरूको आवाजले स्वर्ग नै गुञ्जिरहेको थियो। तिनीहरूले उच्चारण गरिरहेको "पवित्र, पवित्र, पवित्र" भन्ने आवाजले यशैया उभिरहेको जमिननै कम्पायमान भएको थियो। अनि परमेश्वरको मन्दिर धुवैं धुवाँले चक्का मारिरहेको थियो। अगमवक्ताको निम्ति यो अत्यन्तै चकित पार्ने दृष्य भएको हुनसक्छ। संसारमा जे भइरहेतापनि सारा जगतको हर्ताकर्ता को हुनुहुन्छ भन्ने आत्मज्ञान यशैयामा घुस्न पाएको थियो।

**यस दर्शनमा परमेश्वर कहाँ हुनुहुन्थ्यो? यशैया ६:१ "...मैले परमप्रभुलाई अग्लो र उच्च सिंहासनमा विराजमान हुनुभएको देखें। उहाँको वस्त्रको छेउले मन्दिरै ढाकेको थियो।" अन्तभन्दा परमेश्वरले यहाँ यशैयालाई आफ्नो रुपलाई किन देखाउनुभएको थियो? प्रस्थान २५:८ "म तिनीहरूका मध्यमा बस्नलाई तिनीहरूले मेरो लागि एउटा पवित्रस्थान बनाऊन्।", प्रस्थान ४०:३४-३८ "३४ तब भेट हुने पाल बादलले छोप्यो, र परमप्रभुको महिमाले पवित्र वासस्थान भरियो। ३५ अनि मोशा भेट हुने पालमा पस्न सकेनन्, किनकि त्यो बादल त्यसमा बसिरह्यो, र परमप्रभुको महिमाले पवित्र वासस्थान भरियो।**

**३६ आफ्ना सबै यात्राहरूमा, जब त्यो बादल पवित्र वासस्थानबाट माथि उठ्थ्यो, तब इस्राएलीहरू अगि बढ्थे। ३७ तर त्यो बादल माथि उठेन भने, जुन दिनसम्म त्यो माथि उठ्दैनथ्यो तिनीहरू हिंड्दैनथे। ३८ तसर्थ सबै इस्राएलीहरूका घरानाअगि र तिनीहरूका सबै यात्राभरि दिउँसो परमप्रभुको बादल पवित्र वासस्थानमा हुन्थ्यो, र रातीचाहिँ बादलमा आगो हुन्थ्यो।"**

जब तिनीहरूले दर्शन देखे इजकिएल, दानिएल र यूहन्ना निर्वासनमा थिए। इजकिएल १, दानिएल ७:९,१० र प्रकाश ४,५ले यसको पुष्टि गर्दछ। यशैयालाई जस्तै तिनीहरूलाई पनि विशेष सान्त्वना र उत्साहको आवश्यक भएको थियो। तिनीहरूको संसार टुक्राटुक्रा भएर भत्किरहेको बेलामा यस संसार र जगतको सर्वेसर्वा परमेश्वरनै हुनुहुन्छ भन्ने आश्वासन तिनीहरूले चाहेका थिए। (दानिएल र इजकिएल जीवित सृष्टिकर्ता परमेश्वरप्रति आस्था

नराख्ने तर आफैले बनाएका मूर्तिहरूलाई भगवान भनेर पूजा गर्ने राष्ट्रहरूमा युद्धवन्दी भएर बसेका थिए। ती राष्ट्रहरूले तिनीहरूको आफ्नै देशलाई ध्वस्त पारेका थिए। यूहन्ना एक अनकङ्टार टापुमा इसाई भनेपछि आँखाको छारो मान्ने राजनैतिक शक्तिले बन्दीकोरूपमा फ्याँकिएको थियो)। सङ्कटको समयमा तिनीहरूले दर्शनहरू देख्दा मर्नैपरेतापनि परमेश्वरप्रति बफादार भइरहने साहस तिनीहरूले पाएका थिए भन्ने कुरामा कसैको दुईमत छैन।

"जब यशैयाले परमेश्वरको महिमा, तेजस्वीमय र प्रतापरूपी दर्शन देखे तब उनी परमेश्वरको पवित्रतता र शुद्धताको दृष्यले विह्वल अर्थात् अत्यन्तै भावुक भएका थिए। सृष्टिकर्ता परमेश्वरको अतुलनीय सिद्धताको तुलनामा अरू मानिसहरू र आफू पापी र पापस्वभावमा हिँडिरहेको तिखो भिन्नता यशैयालाई देखेका थिए। परमेश्वरकै चुनिएका जाति इस्राएली र यहूदा  उहाँको बाटो बिराएर गइरहेको परिवेशमा आफूपनि त्यसैमा समावेश हुनुपरेकोमा यशैयाले आफूलाई धिकार्न पुगेका थिए।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्स,* पृ. ३०७बाट रूपान्तरित।

यशैयाले आफ्नो दर्शनमा पाएको सन्देशको आधारभूत पक्ष नै परमेश्वरको अपार पवित्रता थियो जुन उनले उल्लेखनियरूपमा प्रस्तुत गरेका थिए। परमेश्वर पवित्र परमेश्वर हुनुहुन्छ। उहाँका जनहरूबाट पनि पवित्रताको माग उहाँले गर्नुहुन्छ। तर त्यो पवित्र जीवन तिनीहरूलाई मात्र उहाँले उपलब्ध गराउनुहुन्छ यदी तिनीहरू आफ्नो दुष्ट र खराबबाटोबाट तर्केर पश्चाताप गर्दै उहाँमा विश्वासिलो र आज्ञाकारी अर्थात् बफादार जीवन बिताउन प्रण गरे भने।

**यस जीवनमा कतिपय समयमा हामी असहज वा निराशजनक परिस्थितिहरू सामना गर्दछौं। झट्ट बाहिरबाट हेर्दा हामीले सबै थोक गुमाएको जस्तो देख्छौं। तपाईंले यशैयाले जस्तो परमेश्वरको महिमित दर्शन नदेखेतापनि सङ्कटको समयमा तपाईंको विश्वास र तपाईंको जीवनलाई परमेश्वरले कसरी सम्हालिरहनुभएको थियो सो याद गर्नुहोस्। ती अनुभवहरूबाट तपाईंले के सिक्नुभयो जुन अरूलाई सुनाउँदा तिनीहरू उत्साहित र आशावादी हुन्छन्?**

## ३. नयाँ व्यक्तित्व (यशैया ६:५-७)

**"५ मैले भनें, "धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु, र मैले मेरा आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको छु।" ६ तब**

**चिम्टाले वेदीबाट आगोको भुङ्ग्रो हातमा लिएर सराफहरूमध्ये एक जना मकहाँ उड़ेर आए। ७ तिनले मेरो मुख त्यस भुङ्ग्रोले छोएर भने, "हेर, यसले तिम्रो ओठ छोएको छ। अब तिम्रो अधर्म मेटियो, र तिम्रो पापको प्रायश्चित भयो।" (यशैया ६:५-७)।**

इस्राएलीहरूले परमेश्वरको आदेश अनुसार निर्माण गरिएको पवित्र स्थल वा मन्दिरमा दुई वटा कोठाहरू थिएः पाल वा पर्खालभित्र बाहिरी कोठा र भित्री कोठा जसलाई महापवित्र कोठा भनिन्थ्यो। त्यस भित्री कोठामा केवल वर्षको एक दिन प्रायश्चितको दिनमा मूल पुजाहारीमात्र जान पाइन्थ्यो। त्यो ठाउँमा पुजाहारीलाई धुपको धुवाँको मुस्लोले उनलाई सुरक्षा दिएको हुन्थ्यो। त्यसबेला त्यस मूल पुजाहारी परमेश्वरको उपस्थितिमा हुन्थे। यदि धुपको धुवाँको सुरक्षामा उनी भएन भने उनको ज्यान जान्थ्यो (लेबी १६:२,१२,१३)। आफू मूल पुजारी नभएतापनि यशैयाले परमप्रभुलाई देखेका थिए। त्यसबेला उनी धुप पनि बालिरहेका थिएनन्! स्वर्गको मन्दिर धुवाँले भरिरहेको थियो (यशैया ६:४)। मरुभूमिमा यात्रा गरिरहेको बेलामा जब इस्राएलीहरूले प्रायश्चितको दिन मनाउँदै थिए त्यसबेला पवित्र बासस्थानको माथि परमेश्वरको महिमा बादलकोरूपमा देखापरेको थियो (लेबी १६:२)। परमेश्वरलाई देख्दा यशैया आश्चर्यचकित र भयभित भएका थिए र अब आफू खतम भयो भनेर उनले सोचेका थिए। (यसै सन्दर्भमा हेर्नुहोस् प्रस्थान ३३:१८-२० "१८ तिनले (मोशाले) भने, "अब मलाई तपाईंको महिमा देखाउनुहोस्।" १९ उहाँले भन्नुभयो, "म तिम्रै सामुन्ने मेरो सारा श्रेष्ठता देखाउनेछु, र तिम्रै सामुन्ने 'परमप्रभु' नाउँको घोषणा गर्नेछु। जसलाई म अनुग्रह गर्न चाहन्छु त्यसलाई म अनुग्रह गर्नेछु। जसलाई म कृपा देखाउन चाहन्छु, त्यसलाई म कृपा देखाउनेछु।" २० अनि उहाँले भन्नुभयो, "तर तिमीले मेरो अनुहार हेर्न सक्दैनौ, किनकि मेरो अनुहार हेरेर मानिस जीवितै रहन सक्दैन।" र न्यायकर्ता ६:२२,२३ "२२ तब गिदोनले तिनी त परमप्रभुका दूत पो रहेछन् भनी थाहा पाए, र भने, 'हाय! परमप्रभु परमेश्वर यो त साँच्चै पो रहेछ। मैले परमप्रभुका दूतलाई आमने-सामने देखें।" २३ तर परमप्रभुले तिनलाई भन्नुभयो, "शान्ति! नडरा, तिमी मर्नेछैनौ")।

परमेश्वरलाई देख्दा आफ्नो र आफ्ना जनहरूको पापलाई स्वीकार्दै यशैया ठूलो सुस्केरा हाल्दै डरले चित्कार गर्छन्। उनले गरेका प्रायश्चित मूल पुजारीले गर्ने याद दिलाउँछ ("२० "जब हारूनले महा-पवित्रस्थान, भेट हुने

पाल र वेदीको निम्ति प्रायश्चित गरिसकेको छ, तब त्यसले जिउँदो बोकाचाहिँ ल्याओस्। २१ अनि हारूनले आफ्ना दुवै हात जिउँदो बोकाको टाउकोमा राखोस्, र इस्राएलीहरूका सारा अधर्म, अपराध र पाप स्वीकार गरेर बोकाको टाउकोमाथि राखिदिओस्। त्यसले ती पापहरू बोकाको टाउकोमा राखेर त्यसलाई अघिबाट खटाइराखेको मानिसको साथ उजाड़-स्थानमा पठाइदिओस्..." लेवीहरू १६:२०-२१)। "स्वर्गको पवित्र मन्दिरभित्र मानौं यशैया आफै तेजस्विमय, ऐश्वर्मय र गौबरमय परमेश्वरको सामु खडा भएका थिए। त्यसबेला उनको आफ्नै असिद्धता र असमर्थतामा उनलाई त्यसै छोडिदियो भने जुन कामको निम्ति उनलाई बोलाहत भएको थियो त्यो काम उनले फत्ते गर्न पूरै असमर्थ हुन्थे।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस, पृ. ३०९बाट रूपान्तरित।

**सराफ स्वर्गदूतले दनदन बलिरहेको बेदीबाट जलिरहेको तातोतातै कोइला ल्याएर यशैयाको ओठमा किन छोए? हेर्नुहोस्, यशैया ६:६,७ "६ तब चिम्टाले वेदीबाट आगोको भुङ्ग्रो हातमा लिएर सराफहरूमध्ये एक जना मकहाँ उड़ेर आए। ७ तिनले मेरो मुख त्यस भुङ्ग्रोले छोएर भने, "हेर, यसले तिम्रो ओठ छोएको छ। अब तिम्रो अधर्म मेटियो, र तिम्रो पापको प्रायश्चित भयो।"**

यशैयाको ओठ बलिरहेको कोइलाले छुँदा यशैयाको पाप र दोष हटिसकेको भनेर सराफ स्वर्गदूतले उनलाई बुझाएका थिए (यशैया ६:७)। यशैयाको पाप के थियो त्यो अलग्गै उल्लेख गरिएको छैन। तर मानिसको कुनै पाप गलत बोलीमामात्र सिमित हुनु आवश्यक छैन। किनभने ओठ भन्दा केवल मुखबाट निसकिने बोलीमात्र नभएर मानिसको सम्पूर्ण व्यक्तित्वलाई उसले उच्चारण गर्ने लवजबाट प्रदर्शन गर्दछ। अब परमेश्वरबाट नैतिक शुद्धता र पापबाट निर्दोष ठहरिन पुग्दा अब उनले परमेश्वरको स्तुति प्रशंसा शुद्धतरिकाले गर्न समर्थ हुन पुगेको थियो।

आगोकोकाम शुद्ध गर्नु वा खारिनु हो। यसले कुनै पनि अशुद्ध वा मैलोलाई जलाइ दिन्छ ("अनि आगोले भस्म नपार्ने हरेक चीज आगोमा हालेर शुद्ध गर्नू। त्यसबाहेक ती सबै शुद्धीकरणको पानीमा चोख्याउनुपर्छ। अनि आगोमा भस्म हुने चीजहरूचाहिँ त्यही पानीमा हालेर शुद्ध गर्नू।" गन्ती ३१:२३)। तर सराफ स्वर्गदूतले बेदीबाट विशेष,पवित्र आगोबाट निकालिएको कोइला प्रयोग गरेका थिए। यो आगो परमेश्वर आफैले निरन्तररूपमा

जलिरहन बाल्नुभएको थियो (पृथ्वीको पवित्र मन्दिरमा पनि निरन्तर बलिरहने आगो हुन्थ्यो "१२ वेदीको आगो जली नै रहोस् र त्यो निभ्न नपाओस्। हरेक बिहान पूजाहारीले त्यसमा दाउरा थपून्, र होमबलि आगोमा मिलाएर त्यसमाथि मेलबलिको बोसो जलाऊन्। १३ वेदीमा आगो निरन्तर जली नै रहोस्, त्यो कहिल्यै निभ्न नपाओस्।" लेबी ६:१२-१३)। त्यसकारण सराफले यशैयालाई पवित्र, शुद्ध र चोखो बनाएका थिए। त्यसमा सन्देश अझ बढी छ। पवित्र बासस्थान वा मन्दिरमा रहेको अग्नी बेदीबाट कोइला निकाल्नुको अर्थ धूप बाल्नु थियो। यस मामिलामा लेबी १६:१२,१३ले यसरी स्पष्ट पार्दछ, "१२ त्यसले परमप्रभुको सामुन्नेको वेदीबाट आगोका फिलिङ्गाहरूले भरिएको धुपौरो र मसिनो गरी कुटेको सुगन्धित धूप मुट्ठीभरी लिएर पर्दाभित्र ल्याओस्। १३ त्यसले परमप्रभुको सामुन्नेको आगोमा धूप हालोस्, र धूपको धूवाँले गवाहीको सन्दूकमाथि भएको कृपा-आसनलाई छोपोस्, नत्रता त्यो मर्नेछ।" मूल पूजारीले नै धुपौरो भरी जलिरहेको कोइला लिएर धूप बाल्नुपर्दथ्यो। तर यशैया ६मा सराफले जलिरहेको कोइला धूप  बाल्न होइन यशैयाको ओठमा लगाइ दिन्छन्। त्यसको अर्थ यशैया आफै धूप जस्तो हुन गएको थियो। जसरी पवित्र आगोले परमेश्वरको भवनमा रहेको धूप बालेर त्यस भवन पवित्र सुगन्धले भरिन्थ्यो त्यसरी नै अगमवक्तालाई चम्किलो पारेर वा भित्री दिव्यज्योति बालेर पवित्र सन्देशलाई फैलाउन सक्षम् बनाइएको थियो। अर्को पदहरूमा परमेश्वरले यशैयालाई उहाँका जनहरूको बीचमा सन्देश सुनाउन पठाउनुभएको विवरण लेखिएको कुनै अपर्क्षत थिएन (यशैया ६:८ र पछि)।

**यशैयाले दर्शन देखेपछि उनको प्रतिक्रिया कस्तो थियो हेर्नुहोस् यशैया ६:५ "मैले भनें, "धिक्कार! म नष्ट भएँ, किनभने म अशुद्ध ओठ भएको मानिस हुँ, र अशुद्ध ओठ भएका मानिसहरूका बीचमा म बस्तछु, र मैले मेरा आँखाले सर्वशक्तिमान् परमप्रभु महाराजाधिराजलाई देखेको छु।" "पवित्र, पवित्र, पवित्र" परमेश्वरले (यशैया ६:३) सृष्टि गर्नुभएको जगतमा बाँचिरहेका पापी मानिसहरूको आधारभूत वा मूख्य समस्या के छ भनेर यहाँ व्यक्त गरिएको भावनाले कसरी देखाउँछ? त्यस समस्याको समाधान केवल क्रुसमा झुण्डिनभएको येशूमा किन हुनुहुन्छ? क्रुसमा के भयो जसले गर्दा यो समस्याको समाधान भएको थियो?**

## ४. यशैया शाही अर्थात् राजकीय प्रतिनिधि हुन्छन् अर्थात् जिम्मेवारी लिन्छन्

**"तब मैले परमप्रभुको यो आवाज सुनें, "म कसलाई पठाऊँ, र हाम्रा निम्ती को जाने?" अनि मैले भनें, "म हाजिर छु। मलाई पठाउनुहोस्!" (यशैया ६:८) ।**

परमेश्वरको प्रतिनिधित्व गर्न कसलाई पठाउने भनेर परमेश्वरले आह्वान गर्नुहुँदा आफू चोखो र शुद्धभएपछि तुरन्तै यशैयाले "म जान्छु" भनेर परमेश्वरको सामु आफूलाई सुम्पे। नयाँ करारको भाषामा यशैयालाई प्रेरित हुन बोलाइएको भने पनि हुन्छ। त्यसको अर्थ हो "जसलाई पठाइएको।"

कतिपय अगमवक्ताका पुस्तकहरूका लेखकहरूले आफूहरूलाई अगमवाणी गर्न परमेश्वरले बोलाउनुभएको वा नियुक्ति गर्नुभएको हो भनेर आफ्ना पुस्तकहरू सुरु गर्छन् (यर्मिया १:४-१०, इजकिएल १-३)। तर यशैयाले आफूलाई अगमवक्ता हुन परमेश्वरले बोलाउनुभएको थियो भनेर आफ्नो पुस्तक सुरु गर्दैन। यो हाम्रो निम्ति कौतुहलको विषय हो। अझ अर्को अर्थमा भन्ने हो भने यशैया ६ अध्यायको विवरण अघि नै यशैयालाई अगमवक्ताको भूमिका खेल्न पहिलानै बोलाइसकेको हुनुपर्छ। परमेश्वरको सेवाकार्यको निम्ति बोलाहत भइसकेपछि पनि पछि गएर अगमवक्ताहरूलाई उत्साह दिन परमेश्वर तिनीहरूकहाँ देखा पर्न सक्नुहुन्छ भनेर बाइबलले हामीलाई देखाउँदछ (मोशाः प्रस्थान ३४, एलियाः१ राजा १९)। अरू उदाहरणहरूको बिपरित यशैयाको राजीलाई थाहा पाउनु असल हो। अरू मानिसहरूलाई परमेश्वरले अगमवक्ता हुन बोलाउनुभएको थियो भने यशैयाको मामिलामा उनले आफै जान्छु भनेर स्वेच्छाले निर्णय गरेका थिए। जब यशैयालाई पहिला बोलाइएको थियो त्यसबेला परमेश्वरका जनहरूको नराम्रो अवस्थालाई ध्यानमा राखेर त्यसो चित्रण गर्न उनलाई बोलाइएको थियो भनेर यशैया १-५ले आभास दिन्छ। पछि परमेश्वरले आफ्नो मन्दिरमा यशैयालाई उहाँको सेवाकार्य गर्न उत्साह दिनुभएको थियो। त्यसको साथै उनी परमेश्वरको अगमवक्ता वा प्रवक्ता हुन नियुक्ति दिइएको भनेर अनुमोदन गर्न यशैयालाई दर्शन देखाइएको थियो।

**आफ्नो मन्दिरमा परमेश्वरले यशैयालाई उत्साह दिनुभएको थियो। परमेश्वरको मन्दिर वा आराधना गर्ने स्थानमा परमेश्वरका जनहरूले उत्साह र हौशला पाउँछन् र उहाँको सेवा गर्न हिम्मत पाउँछन्। त्यसकारण आत्मिक जीवनलाई जल्दोबल्दो गरिराख्न प्रत्येक येशूभक्त आराधनामा वा सङ्गतिमा जानु**

अत्यन्तै जरुरी छ। बाइबलमा अन्त कहीं छ कि परमेश्वरको पवित्र आराधना स्थल परमेश्वरका जनहरूले हौशला र प्रेरणा पाउने ठाउँ हो भनेर उल्लेख गरिएको छ? हेर्नुहोस्, भजन ७३:१२-१९ विशेष गरेर पद १७, "१२ हेर, दुष्टहरू यस्ता छन्। सधैं निश्चिन्त, तिनीहरू धन बढ़ाउँछन्। १३ निश्चय मैले व्यर्थमा आफ्नो हृदय शुद्ध राखेको छु, र निर्दोषतामा आफ्नो हात धोएको छु। १४ दिनभरि मैले आपत्ति भोगेको छु, र प्रत्येक बिहान मैले दण्ड भोग्नुपरेको छ। १५ यदि "म यसै भन्नेछु" भनी मैले भनेको भए त, मैले तपाईंका सन्तानलाई विश्वासघात गर्नेथिएँ। १६ जब मैले यी सबै बुझ्ने कोसिस गरें, यो मेरो निम्ति अति गह्रौं भयो, १७ जबसम्म म परमेश्वरको पवित्रस्थानमा पसिनँ। तब मात्र मैले तिनीहरूको अन्तिम अवस्था बुझें। १८ निश्चय तपाईंले तिनीहरूलाई चिप्ला ठाउँहरूमा राख्नुहुन्छ, तपाईंले तिनीहरूलाई सर्वनाशमा फालिदिनुहुन्छ। १९ तिनीहरू कति अचानक नष्ट हुन्छन्, त्रासले तिनीहरू पूर्णतः बगाइए!", हिब्रू ४:१४-१६ "१४ आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। १५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। १६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।", हिब्रू १०:१९-२५ "१९ यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। २० हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं। २१ परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले, २२ हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं। २३ हामीले दृढ़ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ। २४ हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं। २५ कति जनाको सङ्गतिमा नजाने बानी हुन्छ, तर हामीचाहिँ एकसाथ भेला हुन नछोडौं। तर प्रभुको दिन नजिक आइरहेको

तिमीहरूले देखेका हुनाले एउटाले अर्कालाई झन् प्रोत्साहन देओ।" र प्रकाश
५ "१ सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीमा भित्र र बाहिरपट्टि
लेखिएको एउटा चर्मपत्रको मुट्ठो मैले देखें, जो सात वटा मोहोर लगाएर बन्द
गरिएको थियो। २ अनि एउटा बलवान् स्वर्गदूतलाई ठूलो आवाजले यसो
भनिरहेको मैले देखें, "यो मुट्ठो खोल्न र यसका मोहोरहरू तोड्न योग्य को
छ?" ३ स्वर्गमा अथवा पृथ्वीमा वा पृथ्वीमुनि यो चर्मपत्रको मुट्ठो खोल्न वा
त्यसभित्र हेर्न सक्ने कोही थिएन। ४ कोही पनि त्यो चर्मपत्रको मुट्ठो खोल्ने
अथवा त्यसभित्र हेर्ने योग्यको नपाइएको हुनाले म खूबै रोएँ। ५ तब धर्म-
गुरुहरूमध्ये एक जनाले मलाई भने, "नरोऊ! हेर, यहूदाका कुलको सिंह,
दाऊदको मूल यो मुट्ठो र यी सात वटा मोहोरहरू खोल्न विजयी हुनुभएको
छ।" ६ तब मैले एउटा थुमा उभिरहनुभएको देखें, जो मारिएको जस्तो देखा
पर्नुहुन्थ्यो। उहाँ सिंहासन र चार जीवित प्राणीहरूका बीचमा, र धर्म-गुरुहरूका
माझमा हुनुहुन्थ्यो। उहाँका सात वटा सीङ र सात वटा आँखा थिए, जुनहरू
सारा पृथ्वीमा पठाइएका परमेश्वरका सात आत्मा हुन्। ७ उहाँ जानुभयो, र
सिंहासनमा विराजमान हुनुहुनेको दाहिने बाहुलीबाट त्यो मुट्ठो लिनुभयो। ८ जब
उहाँले त्यो मुट्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरू
थुमाको सामुन्ने घोप्टो परे। प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका
पात्रहरू थिए, जो सन्तहरूका प्रार्थना हुन्। ९ तिनीहरूले यसो भन्दै एउटा नयाँ
गीत गाएः "तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने
योग्यका हुनुहुन्छ, तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको
निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो,
१० र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र
तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन्।" ११ तब मैले हेरें, अनि सिंहासन, जीवित
प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें।
तिनीहरूको संख्या लाखौं र करोडौं थियो। १२ तिनीहरू चर्को सोरले यसो
भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र
स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।" १३ अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि,
समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें, "सिंहासनमा
विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा, र सामर्थ्य सदासर्वदा
होस्।" १४ तब ती चारै जीवित प्राणीले भने, "आमेन।" अनि ती धर्म-गुरुहरूले
घोप्टो परेर दण्डवत् गरे।"

**माथिका पदहरूले हामीलाई के भनिरहेको छ सो बुझ्न कोशिश गर्नुहोस्।**

परमेश्वरको पवित्र मन्दिर उहाँको तेज, यशस्वी, महिमा र पराक्रमले ढाकिएको वातावरणमात्र नभएर त्यो त्यस्तो ठाउँ हो जहाँ हामी जस्ता कमजोर, भूल र अपराध गर्ने मानिसहरूले त्यहाँ शरण पाउन सक्छौं। हामीहरूको मूल पुजारी येशू ख्रीष्टद्वारा हाम्रो निम्ति परमेश्वरले क्रियाशील हुनुहुन्छ भन्ने आत्मज्ञान परमेश्वरको मन्दिर वा आराधना स्थलमा हामी पाउँछौं। जब जब हामी परमेश्वरो मन्दिर वा आराधना स्थलमा जान्छौं तब तब त्यहाँ हामी परमेश्वरका जनहरू हौं भन्ने सुनिश्चित पाइरहन्छौं।

यूहन्नाले पनि येशु ख्रीष्ट बलिको थुमा भएर खडा भएको आफ्नो दर्शनमा देखेका थिए। त्यो थुमालाई मारिएको थियो र घाँटी सेरिएको थियो (प्रकाश ५:६)। साँच्चै भनौं भने यो रमाइलो दृष्य त थिएन। यद्यपि यूहन्नाले देखेका दर्शनमा एक उल्लेखनीय पक्ष हाम्रो दिमागमा घुसाइ राख्नु जरुरि छ। येशू मृत्युबाट बौरिउठ्नुभएर स्वर्गमा उत्रिनुभएपनि उहाँको शरीरमा क्रुसमा के भयो त्यो घट्ना उहाँले निरन्तररूपमा बोकिनै रहनुहुन्छ। यूहन्नाले त्यो दर्शन येशू स्वर्गमा उत्रिनुभएको धेरै वर्षपछि अनङ्कटार टापुमा येशूको निम्ति कैदी जीवन बिताइरहेका थिए। सबै मानिसहरूलाई आफ्नो बेदीमा तान्न उहाँ अहिले पनि उचलिरहनुभएको छ।

**बिश्वास, आस्था र प्रार्थनाद्वारा के तपाईं स्वर्गमा रहेको परमेश्वरको मन्दिरमा पस्नु भएको छ जहाँ तपाईंले हौशला, उत्साह र उहाँको निम्ति प्रेरणा र जोश पाउनु भएको थियो? तपाईंलाई अत्यन्तै खाँचो परेको बेलामा परमेश्वरको सिंहासनको नजिक दया, करुणा, अनुग्रह र सहायता पाउन निडर भएर आउनु भनेर पावलले हिब्रू ४:१६मा तपाईंलाई आमन्त्रण गर्दछन्। तपाईंलाई आवश्यक भएको बेलामा तपाईंले परमेश्वरको दया र अनुग्रह कसरी पाउनुभएको थियो भनेर कसैले तपाईंलाई सोध्यो भने तपाईंले कसरी जवाफ दिने?**

## ५. मनै खोतल्ने, तर्साउने वा धक्का दिने आह्वान (यशैया ६:९-१३)

**"९ उहाँले मलाई भन्नुभयो, "जाऊ गएर यी मानिसहरूलाई भन, " 'तिमीहरू सुन्न त सुन्छौ, तर बुझ्दैनौ, तिमीहरू देख्न त देख्छौ, तर थाहा पाउँदैनौ'। १० यी मानिसहरूका हृदय कठोर र तिनीहरूका कान नसुन्ने पार, र तिनीहरूका आँखा बन्द गरिदेऊ, नत्रता तिनीहरूले आफ्ना आँखाले देख्लान्,**

र आफ्ना कानले सुन्लान्, र तिनीहरूका हृदयले बुझ्लान्, र फेरि फर्केर तिनीहरू निको होलान्।" ११ तब मैले भनें "हे परमप्रभु कहिलेसम्म?" र उहाँले भन्नुभयो, "जबसम्म सहरहरू विनाश भएर बासिन्दाविनाका हुँदैनन्, र घरहरू निर्जन हुँदैनन्, र खेतहरूचाहिँ ध्वंस र नष्ट हुँदैनन्, १२ जबसम्म परमप्रभुले हरेक मानिसलाई टाढ़ा पठाउनुहुन्न, र पूर्ण रूपमा देश परित्याग गरिँदैन। १३ अनि यदि त्यस देशमा दशौं भाग रह्यो भने त्यो फेरि पनि उजाड़ पारिनेछ। तर जसरी तारपीन र फलाँटका रूखहरू काटेर ढाले तापनि ठुटोचाहिँ रहिरहन्छन्, त्यसरी नै त्यस देशमा पवित्र बीउचाहिँ ठुटो हुनेछ" (यशैया ६:९-१३)।

यशैया त पहिले नै अगमवक्ता वा परमेश्वरका प्रवक्ता नै थिए। तर जब परमेश्वरले आफ्ना जनहरूकहाँ विशेष प्रतिनिधि गरेर विशेष सन्देश सुनाउन कसलाई पठाउने भनेर सुस्केरा हाल्नुभएको बेलामा यशैयाले "म हाजिर छु। म जान्छु" भनेर जवाफ दिएका थिए (यशैया ६:८)। तब परमेश्वरले नयाँ सन्देश बोकाएर यशैयालाई आफ्ना जनहरूकहाँ पठाउनुभयो। त्यो सन्देश अनौठो खालको थियो। किन होला? "९ उहाँले मलाई भन्नुभयो, "जाऊ गएर यी मानिसहरूलाई भन, " 'तिमीहरू सुन्न त सुन्छौ, तर बुझ्दैनौ, तिमीहरू देख्न त देख्छौ, तर थाहा पाउँदैनौ'। १० यी मानिसहरूका हृदय कठोर र तिनीहरूका कान नसुन्ने पार, र तिनीहरूका आँखा बन्द गरिदेऊ, नत्रता तिनीहरूले आफ्ना आँखाले देख्लान्, र आफ्ना कानले सुन्लान्, र तिनीहरूका हृदयले बुझ्लान्, र फेरि फर्केर तिनीहरू निको होलान्।" (यशैया ६:९-१०)।

यशैयाले गलत सुनेका सन्देश थियो वा त्यो त्यत्तिको महत्त्वपूर्ण नभएको हामीले नसम्झियौं भनेर येशूले यस सन्देशलाई उतारेर एउटा अर्तीकथाबाट व्याख्या गर्नुभएको थियो। "३ उहाँले तिनीहरूलाई दृष्टान्तमा धेरै कुरा भन्नुभयो। उहाँले भन्नुभयो, "एक जना बीउ छर्ने बीउ छर्न निस्क्यो। ४ अनि यसरी छर्दा केही बीउ बाटोतिर परे, र चराचुरुङ्गीले आएर ती खाइदिए। ५ केही बीउ ढुङ्गेनी जमिनमा परे, जहाँ धेरै माटो थिएन, र गहिरो माटो नभएकोले ती छिट्टै उम्रे। ६ तर जब घाम लाग्यो ती ओइलाए, र जरा नभएकोले ती सुकिहाले। ७ अरूहरूचाहिँ काँढ़ाहरूका बीचमा परे, तर काँढ़ाहरू बढ़ेर आए र तिनलाई निसासिदिए। ८ अरू बीउ असल जमिनमा परे, र कुनैले सय, कुनैले साठी, कुनैले तीस गुणा फल दिए। ९ जसको कान

छ, त्यसले सुनोस्।" १० अनि चेलाहरू आएर उहाँलाई भने, "तपाईं तिनीहरूसँग किन दृष्टान्तहरूमा बोल्नुहुन्छ?" ११ उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, "तिमीहरूलाई त स्वर्ग-राज्यका रहस्यहरूको ज्ञान दिइएको छ, तर तिनीहरूलाई भने दिइएको छैन। १२ किनकि जससँग छ, त्यसलाई दिइनेछ, र त्यससँग प्रशस्त हुनेछ। तर जससँग छैन, त्यससँग भएको पनि त्यसबाट खोसिनेछ। १३ यसैकारण म तिनीहरूसँग दृष्टान्तमा बोल्दछुः 'किनभने तिनीहरू हेर्न त हेर्छन्, तर देख्दैनन्, सुन्न त सुन्छन्, तर सुनेर बुझ्दैनन्।' १४ यशैयाको अगमवाणी तिनीहरूमा पूरा भएको छः 'सुन्न त तिमीहरू सुन्छौ, तर कहिल्यै बुझ्दैनौ, हेर्न त हेर्छौ, तर कहिल्यै देख्दैनौ। १५ किनकि यी मानिसहरूको हृदय बोधो भएको छ, र तिनीहरूका कान बहिरा भएका छन्, र तिनीहरूले आफ्ना आँखा बन्द गरेका छन्, नत्रता तिनीहरूले आँखाले देख्नेथिए, कानले सुन्नेथिए, हृदयले बुझ्नेथिए, र फर्कनेथिए, र म तिनीहरूलाई निको पार्नेथिएँ।' १६ तर तिमीहरूका आँखा धन्य हुन्, किनकि तिनले देखतछन्। तिमीहरूका कान धन्य हुन्, किनकि तिनले सुन्छन्। १७ साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले देखेका कुरा धेरै अगमवक्ताहरूले र धर्मी जनहरूले हेर्न उत्कट इच्छा गरेथे, तर देखेनन्, अनि तिमीहरूले सुनेका कुरा सुन्न उत्कट इच्छा गरेथे, तर सुनेनन्।" (मत्ती १३:३-१७)

यस संसारमा जन्मेका कोही पनि नष्ट हुन नजन्मियोस् भन्ने परमेश्वरको चाहना हो (२ पत्रुस ३:९)। त्यसैकारण उहाँले यहूदाका मानिसहरूलाई यशैयालाई पठाउनुभयो भने सारा संसारको निम्ति येशू पठाउनुभयो। कोही पनि नाश गर्ने परमेश्वरको चाहना होइन तर प्रत्येक मानिसले मुक्ति पाएर अजम्मरी जीवन लिएर बाँचोस् भन्ने उहाँको तिब्र इच्छा हो। तर केही मानिसहरूले उहाँका आह्वानहरूलाई सकारात्मकरूपमा लिए भने कतिले त झन कठोर भएर सुन्न चाहनेन्। तैपनि परमेश्वरले निरन्तररूपमा मानिसहरू आफूतिर फर्कोस् भन्ने आह्वान गरिरहनुहुन्छ किनकि तिनीहरूलाई अवसरै अवसर दिँदा शायद तिनीहरू पछुताव गरेर असल, उचित र सत्य मार्गमा फर्केलाकि भन्ने आशामा उहाँ हुनुहुन्छ। तर जति मानिसहरूले परमेश्वरको आह्वानलाई तिरस्कार गरे, विरोध गरे त्यति तिनीहरूका हृदयहरू स्वइच्छाले निष्ठुर र निरङ्कुस पार्दै गएका थिए। त्यसकारण परमेश्वरले पनि तिनीहरूकै चाहनामा तिनीहरूको हृदयलाई कठोर नै पार्नुभएको थियो, हुनत यस कामले तिनीहरूका हृदयहरू नरम होस् भन्ने उहाँको चाहना त थियो नै।

हामीप्रति परमेश्वरको प्रेम अपरिवर्तनीय छ तर उहाँको प्रेमलाई हामीले कसरी जवाफ दिने त्यसको निर्णायत्मक परिणाम हामीलाई नै सुम्पिएको छ।

मोशा, यशैया, यर्मिया, इजकिएल र येशू जस्तै अगुवाहरूको कामचाहीं मानिसहरूलाई परमेश्वरतिर तान्न प्रयास गरिरहनुहो। तिनीहरूले उहाँहरूका सन्देशलाई तिरस्कार गरेतापनि तिनीहरूलाई बोलाइरहनेक्रम उहाँहरूले रोक्नु हुन्न। परमेश्वरले इस्राएलीहरूको मनस्थितिको भन्डाफोर गर्दै इजकिएललाई भन्नुभएको थियो "३ उहाँले भन्नुभयो, "हे मानिसको छोरो, म तिमीलाई इस्राएली जातिकहाँ पठाउँदैछु, एउटा बागी जातिकहाँ, जो मेरो विरुद्धमा बागी (विद्रोही) भएको छ। तिनीहरू र तिनीहरूका पिता-पुर्खाहरू पनि आजको दिनसम्मै मेरो विरुद्धमा बागी भएका छन्। ४ ती मानिसहरू, जसकहाँ म तिमीलाई पठाउँदैछु, तिनीहरू निर्लज्ज र अटेरी भएका छन्। तिमीले तिनीहरूलाई भन्, 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ'। ५ *अनि तिनीहरूले सुनून् अथवा सुन्नलाई अस्वीकार गरून्– किनकि तिनीहरू बागी घरानाका हुन्– तिनीहरूले आफ्ना बीचमा एक जना अगमवक्ता त रहेछन् भन्ने कुरा जान्नेछन्।* ६ अनि तिमीचाहिँ हे मानिसको छोरो, तिनीहरूदेखि अथवा तिनीहरूका कुरादेखि नडराऊ। तिम्रा चारैतिर सिउँड़ी र काँढ़ा भए, अथवा तिमी बिच्छीहरूका बीचमा बसे तापनि तिमी नडराऊ। तिनीहरूले जे भने पनि नडराऊ, अथवा तिनीहरूदेखि भयभीत नहो, यद्यपि तिनीहरू त बागी सन्तान हुन्। ७ *तिमीले तिनीहरूसित मेरो वचन बोल्, चाहे तिनीहरूले सुनून् चाहे नसुनून् किनभने तिनीहरू बागी वा मेरो विद्रोही हुन्*। ८ तर तिमीलेचाहिँ, हे मानिसको छोरो, म तिमीलाई जे भन्छु, त्यो कुरा ध्यानसित सुन्। त्यो बागी घरानाझैं तिमी बागी नहो। तिम्रो मुख खोल्, र म जे दिन्छु, त्यो खाऊ।" (इजकिएल २ः३-८)।

परमेश्वर र उहाँको भूमिकाचाहिँ के हो भने मानिसहरूलाई उचित निर्णय गर्ने अवसर दिनु हो। तिनीहरूले विध्वंसको बाटो अपनाएर युद्धबन्दी भएर जाने निर्णय गरेपनि तिनीहरूले पर्याप्तमात्रामा चेतावनी पाउनुपर्दछ भन्ने परमेश्वरको चाहना हो। हेर्नुहोस्ः "१७ "हे मानिसको छोरो, मैले तिमीलाई इस्राएलका घरानाको पहरादार तुल्याएको छु। यसैले मैले भनेको कुरा सुन् अनि तिनीहरूलाई मबाट चेताउनी तिमीले देऊ। १८ जब म एउटा दुष्ट मानिसलाई 'तिमी निश्चय नै मर्नेछौ' भनी भन्छु, तर त्यसको प्राण बचाउनलाई तिमीले त्यसलाई चेताउनी दिएनौ, वा त्यसको दुष्ट चालको लागि त्यसको विरुद्ध सल्लाह दिएनौ भनेदेखि, त्यो मानिस पापको कारण मर्नेछ, र त्यसको

रगतको लेखा म तिमीबाटै लिनेछु। १९ तर यदि तिमीले त्यस दुष्ट मानिसलाई चेताउनी दियौ र त्यो आफ्नो दुष्टयाइँ अथवा आफ्नो खराब चालदेखि फर्कंदैन भने, त्यो आफ्नो अधर्ममा नै मर्नेछ, तर तिमीले चाहिँ आफ्नो प्राण बचाएको हुनेछौ। २० "फेरि जब कुनै एउटा धर्मी मानिस आफ्नो धार्मिकताबाट फर्केर दुष्टयाइँ गर्छ, त्यसको लागि ठक्कर खाने ढुङ्गो मैले राखें भने त्यो मर्नेछ। तिमीले त्यसलाई चेताउनी नदिएकोले त्यो आफ्नै पापको कारण मर्नेछ। त्यसले गरेका धर्म कार्यहरूको केही सम्झना हुनेछैन। त्यसका रगतको लेखा म तिमीबाट लिनेछु। २१ तर यदि त्यस धर्मी मानिसलाई पाप नगर् भनी तिमीले चेताउनी दियौ र त्यसले पाप गरेन भने, त्यो निश्चय नै बाँच्नेछ, किनभने त्यसले चेताउनी ग्रहण गर्‍यो, र तिमीले आफ्नो प्राण बचाएको हुनेछौ।" (इजकिएल ३:१७-२१) र "११ तब मैले भनें "हे परमप्रभु कहिलेसम्म?" र उहाँले भन्नुभयो, "जबसम्म सहरहरू विनाश भएर बासिन्दाविनाका हुँदैनन्, र घरहरू निर्जन हुँदैनन्, र खेतहरूचाहिँ ध्वंस र नष्ट हुँदैनन्, १२ जबसम्म परमप्रभुले हरेक मानिसलाई टाढ़ा पठाउनुहुन्न, र पूर्ण रूपमा देश परित्याग गरिँदैन। १३ अनि यदि त्यस देशमा दशौं भाग रह्यो भने त्यो फेरि पनि उजाड़ पारिनेछ। तर जसरी तारपीन र फलाँटका रूखहरू काटेर ढाले तापनि ठुटोचाहिँ रहिरहन्छन्, त्यसरी नै त्यस देशमा पवित्र बीउचाहिँ ठुटो हुनेछ।" (यशैया ६:११-१३)।

**यी सबै धारणाहरूलाई मनमा राखेर परमेश्वरले इजिप्टका राजा फारोको हृदयलाई कठोर पार्नुभयो भन्ने कुरालाई हामीले कसरी बुझ्ने?**

प्रस्थान ४:२१मा परमेश्वरले भन्नुभएको छ, "तर मैले उसको हृदय कठोर पार्छु" (रूपान्तरित)। नवौं पटक यो वाक्य "मैले उसको हृदय कठोर पार्छु" भन्नुभएकोमा यो पहिलो पटक हो। फेरि नवौं पटक नै फारोले आफ्नो हृदय कठोर पारेका थिए भनेर उल्लेख गरिएको छ (उदाहरणमा प्रस्थान ८:१५,३२, प्रस्थान ९:३४)।

राजा फारोसँग कुनै न कुनै किसिमको आत्मनिर्णयको स्वतन्त्रता थियो नत्रभने उनको आफ्नै निर्णय आफ्नो हृदय कठोर पार्ने थिएन। तर परमेश्वरले पनि उनको हृदय कठोर पार्नुभयो भन्दा उहाँले यसतो वातावरण सृजना गर्नुभएको थियो कि उनले परमेश्वरको वचन र आश्चर्य कामलाई स्वइच्छाले स्वीकार गर्ने कि अस्वीकार गर्ने निर्णय उनकै हातमा थियो। यदि परमेश्वरका

विभिन्न कदमहरूले उनको हृदयलाई नरम पारेको भए हुन्थ्यो तर नरम नपारेकोले हृदय कडा हुन गएको थियो।

**तपाईंको आफ्नै अनुभवमा पवित्र आत्माको सुरिलो आवाज सुन्दा के तपाईंले आफ्नै हृदय कहिल्यै कडा गर्नुभएको थियो कि? केले गर्दा यसो भयो सो सोच्नुहोस्। त्यसबेला तपाईंको हृदय भयभित भने (हृदय कडा गर्ने भनेको त्यही त हो) अहिले तपाईंले कुन दृष्टिकोणले हेर्नुहुन्छ? यसबाट हामी कसरी निकासा खोज्ने? हेर्नुहोस्, १ कोरन्थी १०:१३ "मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।"**

## उपसंहारः

**थप जानकारीः** "इस्राएलीहरूको जीवनमा दुष्ट, खराब र पाप आचरणहरू यस्तो नराम्रो थियो कि ती आचरणहरू समाजको सबै तहमा भिजिएको थियो। त्यसले गर्दा परमेश्वरमाथिको विश्वासमा अडान लिने थोरै पनि प्रायजसो बिचलित भएर निराश र उदासको बाटोमा लाग्न खोजेका थिए। यसो हेर्दा इस्राएलप्रति परमेश्वरको लक्ष्य असफल हुन देखिएको थियो र त्यो विद्रोही राष्ट्र पनि सोडोम र गोमोराको जस्तै गति हुने सम्भावना देखिएको थियो।

"यस्तै परिस्थितिमा राजा उज्जियाहको राज्यकालमा परमेश्वरको सन्देश बोक्न यशैयालाई बोलाउँदा उनी निराश भएका थिए भन्ने कुरामा अचम्म मान्नु आवश्यक देखिन्दैन। यहूदाका जनताहरूलाई परमेश्वरको चेतावनी र आरोपहरू दिने जिम्मेवारीबाट यशैया सिथिल भएका थिए। उनलाई राम्रैसँग थाहा थियो कि उनले परमेश्वरको सन्देश दिइयो भने हठी मानिसहरूको प्रतिरोध उनले सामना गर्नुपर्नेछ। त्यस परिस्थितिलाई सामना गर्न आफू असमर्थ भएको र उनले परिश्रम गर्ने मानिसहरूको हठी स्वभाव र अविश्वास उनले महसुस गरेकाले आफूलाई दिएको जिम्मा वहन गर्न नसकिने निराशामा उनी थिए। के आफू बिचलित अवस्थाले गर्दा आफूले गर्नुपर्ने कामलाई डबाउने कि यहूदालाई मूर्तिपूजाकै वातावरणमा छोडेर त्यस राष्ट्रका मानिसहरूलाई नहल्लाउने? के स्वर्ग र पृथ्वीका परमेश्वरलाई चुनौति दिएर निनभेका देवीदेवताहरूले यस पृथ्वीमा राज गर्न दिने?"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस,* पृ. ३०६,३०७बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. यदि परमेश्वरप्रति आस्थामा अडिग नभएको वा नास्तिकले तपाईंलाई यो प्रश्न सोध्यो भने तपाईंले कसरी जवाफ दिनुहुन्छ "परमेश्वर सबै थोकको सर्वेसर्वा हुनुहुन्छ भन्ने प्रमाण तपाईंसँग के छ?"

आ. यदि परमेश्वर नै यस पृथ्वी र जगतको सर्वेसर्वा हुनुहुन्छ भने अजान मानिसहरू किन दुःख पाउँछन्? यस जीवनमा परमेश्वरका जनहरूलाई असल थोकमात्र हुने र विद्रोहीलाई खराब कुरो हुने भन्ने यशैया १:१९,२०को अर्थ के हो? अय्यूब १,२, भजन ३७ र भजन ७३लाई पनि तुलना गरेर पढ्नुहोस्। असल मानिसहरूलाई पनि खराब हुने रहेछ भनेर थाहा पाउँदा के परमेश्वरको चरित्रप्रति प्रश्न गर्ने वा गर्नैं पर्छ र?

इ. यशैया ६ अध्यायमा प्रायश्चितको दिनको बारेमा धेरै किन उल्लेख गरिएको छ? वर्षको एकदिन त्यस दिनमा परमेश्वरले आफ्ना बफादार जनहरूको पापलाई शुद्ध गर्नुहुन्छ भने (लेबी १६:३०) उहाँलाई धोखा दिनेहरूलाई हटाउनुहुन्छ भन्ने कुरालाई ख्यालमा राख्नुहोस् (लेबी २३:२९,३०)।

यस अध्यायको सारांशः असुरक्षित भएको समयमा र मानव नेतृत्वको कमजोरीपना जसले राष्ट्रलाई नै पीडादायी बनाएको थियो त्यसबेला परमेश्वरले यशैयालाई अत्यन्तै महान् र उल्लेखनीय दर्शन दिनुभएको थियो त्यस दर्शनमा जगतको सर्वोच्च अगुवाको दृष्य देखाइएको थियो। त्यो देखेर आफ्नो कमजोरमा मूर्ति जस्तो बन्न पुगेपनि जब परमेश्वरको दया र करुणामा शुद्ध हुन पुगेका थिए र उनलाई शक्तिसम्पन्न गराउँदा यस शत्रु र विद्रोही संसारमा परमेश्वरको राजदूत भएर जान यशैया तयार भएका थिए।

## कथा २
## अन्य भाषा बोल्ने बरदान
## आनाटोली गोलोभिजिन, २८. रुस

काटकाजस्टान देशको आनाटोली लामो समयसम्म बिरामी थिए। धेरै प्रार्थनापछि उनी निको भएका थिए। आफू निको भएपछि पास्टर हुन्छु भनेर उनले परमेश्वरलाई प्रतिज्ञा गरेका थिए। ईस्वरीय ज्ञान सिकाउने कलेजमा पढ्ने उनको आशा थिएन किनकि उनी गरिब परिवारबाट आएका थिए। उनको गाउँ पनि गरिब थियो। त्यसकारण उनले नचाहेरपनि कामको निम्ति रुसमा गए। रुसमा गएपछि "प्रभु तपाईंले मलाई के गरेको चाहनुहुन्छ?" भनेर दिनदिनै प्रार्थना गरे। जब प्रार्थना गरे तब उनले भाषा अनुवाद गर्ने काममा अध्ययन गर्नु भन्ने परमेश्वरको चाहना भएको महसुस गरे। तर आनाटोली अचम्म मानेर हाँसे किनकि उनी त्यस्तो पढ्ने खालका थिएन। फेरि उनको परिवारका सबै सदस्यहरूले इन्जिनियरहरू थिए। कसैलाई पनि विदेशी भाषा थाहा थिएन र कामको सिलसिलामा विदेशी भाषा पढ्नु पर्ने आवश्यकता तिनीहरूले देखेका थिएनन्। विदेशी भाषा पढ्नुपर्छ भन्ने सोच दिमागबाट निकाल्न नसक्दा उनी काजखास्टानकको उशटोबमा रहेकी आफ्ना आमाकहाँ उनी फर्के। "आमा, म भाषा अनुवाद गर्ने कलाको अध्ययन गर्न चाहन्छु" आफ्नी आमालाई उनले सुनाए। "बाबु, तिमी त केवल रसियन भाषा र हाम्रो देशको काटाख भाषामात्रै जान्छौ। भाषा अनुवाद गर्ने काम तिम्रो लागि होइन" असहमति जनाउँदै आमाले भनिन्। तर भाषा सिक्ने कुरा दिमागमा घचघच्याइरह्यो। आखिरमा उनले जिद्दी गरेकोले नजिकको सहरमा रहेको कलेजमा जान आमा सहमत भइन्। त्यस कलेजमा अङ्ग्रेजी भाषा सिकाइन्थ्यो। त्यहाँ उनले कजेजमा भर्ना हुन परिक्षाको निम्ति फारम भरे र परिक्षा दिए तर उनी परिक्षामा असफल भए। निराश भएर आमाछोरा घरमा फर्के।

तैपनि आनाटोलीले भाषा सिक्ने कुरालाई बिर्सन सकेनन्। एक दिन उनी एउटा रुखको छहारीमा बाइबल पढ्दै थिए तब उनले बाइबलमा यो भेट्टाएकी विभिन्न भाषाहरू बोल्ने खुबी त पवित्र आत्माको बरदान हो। उनले यो पढे " ४ वरदानहरू विभिन्न किसिमका छन्, तर पवित्र आत्मा एउटै हुनुहुन्छ। ५ सेवाहरू धेरै थरीका हुन्छन्, तर प्रभु एउटै हुनुहुन्छ। ६ कामहरू धेरै किसिमका छन्, तर उनै परमेश्वरले हरेकलाई ती काम गर्ने प्रेरणा दिनुहुन्छ। ७ सबैका हितको लागि नै पवित्र आत्माको काम प्रकट हुन

हरेकलाई दिइएको छ। ८ कसैलाई पवित्र आत्माद्वारा बुद्धिका कुरा बोल्ने, कसैलाई उनै पवित्र आत्माअनुसार ज्ञानका कुरा बोल्ने, ९ कसैलाई उनै पवित्र आत्माद्वारा विश्वास गर्ने, कसैलाई उनै एक पवित्र आत्माद्वारा रोग निको पार्ने वरदानहरू दिइएका छन्, १० कसैलाई आश्चर्य कामहरू गर्ने, कसैलाई अगमवाणी बोल्ने, कसैलाई आत्माहरू छुट्ट्याउन सक्ने, कसैलाई भिन्न-भिन्न किसिमका भाषाहरू बोल्ने, कसैलाई चाहिँ ती भाषाहरूको अर्थ खोलिदिने। ११ तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन्। उहाँले हरेकलाई उहाँको इच्छाअनुसार वरदान दिनुहुन्छ।" (१ कोरिन्थी १२:४-११)। आनाटोली शिर निहुऱ्याएर प्रार्थना गरे "प्रभु मलाई भाषा बोल्ने र अर्थ खोल्ने बरदान दिनुहोस्।"

एक महिनापछि उनी रेलको लिगमाथि हिँड्दै थिए उनले एउटा भुइँमा पुस्तक भेट्टाए। त्यो अङ्ग्रेजी कसरी बोल्ने भन्ने पुस्तक थियो। घर पुगेपछि त्यस पुस्तक खोले र त्यसमा लेखिएको सरल अङ्ग्रेजी र रसियन भाषा पढे। दुई पाना पढेपछि आफूले के पढेको भनेर उनले सोचे। आफूले पढेको अङ्ग्रेजी भाषाको प्रत्येक शब्द उनले सम्झे। अचम्मित भएर अङ्ग्रेजी भाषाको प्रत्येक शब्दहरू फेरि फेरि आफ्नो दिमागमा दोहोऱ्याए। "यो कस्तो खालको कुरा। यो त असम्भव नै हो। शायद मैले केही मनगढन्ते सोचिरहेको हुँला" उनले मनमनमै आफूले आफूसँग कुरा गरे।

उनले उक्त किताब खोले र दस पाना अरू पढे। किताब बन्द गरेर त्यसलाई आफ्नो आमाको हातमा राख्दै भने, "आमा यस किताबमा रहेको रसियन भाषाको कुनै पनि वाक्यहरू पढ्नुहोस्। आमाले धेरै रसियन वाक्यहरू पढिन् र आनाटोलीले अङ्ग्रेजीमा उल्था गरे। अत्यन्तै अचम्म मानेर आफूले मागेको अन्य भाषाको बरदान आफूले पाएको हो कि भनेर सोचे।

आफ्नै सहरमा रहेको अङ्ग्रेजी सिकाउने स्कूलमा आनाटोलीले अङ्ग्रेजी भाषा पढ्न थाले। दुई महिनाभित्र उनी अङ्ग्रेजी भाषाको माध्यमिक तहमा पुगे। उनलाई पैसाको आवश्यक थियो त्यसकारण खरबुजाको कटनी गर्न गए। आफूले काम गरेको पैसाले उनले पहिलो कम्प्युटर लापटप किने। अनि उनी अझ बढि खरबुजा कटनी गरे र त्यसबाट आएको पैसाले उनले इन्टरनेट र मोबाइल किने। आफूसँग भएको नयाँ सामनहरूबाट उनले अझ बढि अङ्ग्रेजी सिके।

अनि अर्को वर्ष उनी त्यही कलेजमा पढ्न गए जहाँ उनले पहिला परिक्षामा असफल भएका थिए। यस पटकको परिक्षमा उनले सतप्रतिसत पास

भए। उनको अङ्ग्रेजी यस्तो राम्रो थियो कि उनलाई त्यस कलेजले राष्ट्रिय स्तरमा अङ्ग्रेजी भाषाको प्रतिस्पर्धामा भाग लिन पठायो।

उनी शनिबार क्लासमा आउँदैनथे। कलेजको शिक्षा अध्यक्षले त्यसको निम्ति उनलाई हप्काउँथे। राष्ट्रिय स्तरको प्रतिस्पर्धामा उनी दोस्रो भएर दुई सय डलर पुरस्कार पाएपछि जब आनाटोलीले देखाए तब त्यस कलेजको अध्यक्षले आफ्नो मन बद्ले।

"शनिबार तिमी चर्चमा जाँदै गर। म पनि तिमीसँग आउँछु" त्यस कलेको अध्यक्षले भने।

अङ्ग्रेजी र टर्की भाषामा निपुण देखाएर आनाटोली सम्मानसाथ कलेजबाट ग्राजुयत भए। उनी केवल रसियन, काजख, अङ्ग्रेजी र टर्की भाषामामात्र पढेर रोकेनन्। उनले किर्गिजस्टामा रहेको एडभेन्टिस्ट कलेजमा चार महिना लगाएर स्पानिश भाषा सिके। अनि चर्चका अगुवाहरूले उनलाई राम्रोसँग स्पानिश भाषामा ज्ञान हुन अर्जेन्टिनमा पठाए। त्यहाँ उनले पोर्चुगिज भाषा पनि सिके। जब उनी आफ्नो देशमा फर्केर आए तब उनी काजखस्तानको एडभेन्टिस्ट चर्चमा भाषा अनुवाद गर्ने र भाषा सिकाउने काममा तीन वर्ष काम गरे। अनि उनको सपना पूरा भयो। नौ वर्ष अघि आफू पास्टर भएर परमेश्वरको सेवा गर्ने प्रतिज्ञा गरेको आनाटोलीलाई जालोस्की एडभेन्टिस्ट विश्वविद्यालयमा ईस्वरीय ज्ञान अध्ययन गर्न पठाइयो। अन्य भाषा बोल्ने र पवित्र आत्माको अरू बरदानहरू केवल सुरूको इसाई चर्चको निम्तिमात्र होइन भनेर आनाटोली विश्वास गर्छन्। "हिजो र आजको परमेश्वर त्यही हुनुहुन्छ। यदि उहाँसँग हामीले बरदान माग्यौं भने उहाँले ती बरदानहरू दिनुहुन्छ। हामीमा पवित्र आत्माको बरदान किन छैन त? किनभने हामी माग्दैनौं" आफ्नो मन्तब्य उनले व्यक्ति गरे।

एक दिन उनको साथीले भन्यो कि उनले कहिल्यै पनि पवित्र आत्माको बरदान पाएको छैन। "तपाईंले कहिल्यै माग्नुभएको छ?" भनेर आनाटोलीले सोधे। अचम्म मान्दै त्यस साथीले जवाफ दियो "अहँ, मैले कहिल्यै पनि मागेको छैन।"

एडभेन्टिस्ट युनिभर्सिटीबाट ग्राजुयत भएपछि आफ्नो देश काजखस्तानमा पास्टरीय काम गरेर परमेश्वरको सेवा गर्ने उनको योजना छ।

"कस्तो हो सोच्नुहोस् त? एउटा गरिब काजखले धेरै भाषाहरू बोलेको। परमेश्वर महान् हुनुहुन्छ" परमेश्वरको प्रशंसा गर्दै यस लेखकलाई उनले सुनाए।

-आन्ड्र्यु मेकचेस्नी